नगर कार्यपालिकाको
बैठक संख्या: ४५, २०७९-२०८४
मिति २०८१/०४/२० को
निर्णय प्रमाणित ........

# कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ४५, २०७९-२०८४)

मिति : २०८१ श्रावण २० गते

निर्णयहरुः

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. कोहलपुर नगरपालिकाको नाममा रहेको सरकारी सवारी साधन भे.१झ. २३१ नं. को जिपमा विद्युत सर्किट भई बिग्रिएको साथै पुरानो भएका कारण कार्यपालिकाको मिति २०८० मंसिर ९ गतेको निर्णय अनुसार लिलाम गर्ने भनिएकोमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम १०६ को उपनियम (२) बमोजिम लिलाम गर्न मिल्ने न्यूनतम अवधि पूरा भएको नदेखिएकोले लिलाम बिक्री हुने अवस्था देखिएन । अतः कार्यालयमा सवारीको आवश्यकता समेतलाई मध्यनजर गरी हाललाई उक्त सवारी साधन मर्मत गरी सञ्चालनमा ल्याउन उपयुक्त हुने देखिएकोले खर्चमा मितव्ययीता अपनाई उक्त सवारी मर्मत गराउने र सो कार्यमा लाग्ने खर्च सवारी साधन मर्मत खर्च शीर्षकबाट भुक्तानी गर्ने ।

३. यस नगरपालिकाको आवास, खानेपानी तथा सरसफाई सम्बन्धी कार्यबिधी, २०८० बमोजिम गठित घुम्तिकोष व्यवस्थापन समितिको मिति २०८१ असार २५ गतेको निर्णयहरु अनुमोदन गर्ने । सो कार्यक्रम कार्यान्वयनको सन्दर्भमा सम्पर्क अधिकृत सहकारी शाखा प्रमुखलाई तोकी उक्त समितिको मिति २०८१/०३/२५ को निर्णय बमोजिम बसोबास महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड, कोहलपुर १०, बाँकेसँग सम्झौताको कार्य अघि बढाउन निर्देशन दिने ।

४. चालु आ.ब. २०८१/०८२ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि वडाबाट सिफारिश भई आएका योजनाहरुको बारेमा बैठकमा जानकारी गराइयो । प्राप्त योजनाहरुको प्राथमिकीकरण गरी अनुदान आधारमा योजना छनौट गरी कार्यपालिकाबाट अनुमोदन गराउने गरी प्रधानमन्त्री रोजगार सेवा केन्द्रले आवश्यक कार्य गर्ने ।

| क्र. सं. | वडा नं. | आयोजनाको नाम | अनुमानित बजेट | लागत साझेदारीमा |
|---|---|---|---|---|
| १ | १ | सम्झना नेपालीको घरदेखि बबिता सापकोटाको घरसम्म अधुरो नाली निर्माण | | ३२५,०००.०० |

धीलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश
स्थापना : २०७२

नगर कार्यपालिकाको
बैठक संख्या: ४५, २०७९-२०८४
मिति २०८१/०४/२० को
निर्णय प्रमाणित ..............

| क्र. सं. | वडा नं. | आयोजनाको नाम | अनुमानित बजेट | लागत साझेदारीमा |
|---|---|---|---|---|
| २ | | मानबहादुर शाहीको घरदेखि हजमा वि.क.को घरसम्म पक्कि नाली निर्माण | | ३७५,०००.०० |
| ३ | | सिद्धार्थनगर तुलसी सापकोटाको घरदेखि पर्बले वि.क को घरसम्म अधुरो नाली निर्माण | | ३००,०००.०० |
| ४ | | परिबर्तन टोलबैजनाथ गा.पा. वडा नं ४ देखि कोहलपुर न.पा. १ को कार्यालय सम्म बाटो स्तर उन्नति | | १,३००,०००.०० |
| ५ | | मुसिकोटे टोल दंगालिको घरदेखि वडा नं. २ कृष्णनगर जोड्ने बाटोमा नाली सफाई | ५००,०००.०० | |
| ६ | | प्रहरी बिटदेखी टिलक बाजेको घरसम्म नाली सफाई १ किलोमिटर | ५००,०००.०० | |
| ७ | | फुलबारी टोल- अम्मर लामिछानेको घरदेखि चन्द्र बहादुर रेग्मीको घरसम्म नाली सफाई | ५००,०००.०० | |
| ८ | | क लाईन- सुरेश शाहीको घरदेखि राम बहादुर थापाको घरसम्म नाली सफाई | ५००,०००.०० | |
| ९ | | क लाईन डाडाटोल- मुक्ति प्रसाद खत्रीको घरदेखि कृष्ण थापाको घरसम्म नाली सफाई | ५००,०००.०० | |
| १० | २ | विभिन्न टोल बस्तीमा खानेपानी पाइप बिस्तार | ३००,०००.०० | |
| ११ | | वडा कार्यालयमा प्रांगणमा बगैचा गोडमेल तथा सरसफाई | ५०,०००.०० | |
| १२ | | सार्बजनिक मठ मन्दिर बिद्यालय तथा विभिन्न ठाउँहरुमा सरसफाई तथा वृक्षारोपण कार्यक्रम | २००,०००.०० | |
| १३ | | बिकास नगर बाहिरि रिंग रोडमा नाली सरसफाई कार्यक्रम | १००,०००.०० | |
| १४ | ३ | सडक मर्मत तथा नाली सरसफाई | १,०००,०००.०० | |
| १५ | | पोखरी मर्मत सम्भार | १,०००,०००.०० | |
| १६ | ४ | कोहलपुर -३ मदनचोक देखि गोहवासम्म मेन बाटोको दुवै साईड पक्कि नाली तथा कच्ची नाली सरसफाई कार्यक्रम | ३००,०००.०० | |
| १७ | | बेलनपुरको दुवै टोल र गफ्फारपुरको नाली सरसफाई कार्यक्रम | १५०,०००.०० | |

धौलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश
स्थापना : २०७१

नगर कार्यपालिकाको
बैठक संख्या: ४५, २०७९-२०८४
मिति २०८१/०४/२० को
निर्णय प्रमाणित ..............

| क्र. सं. | वडा नं. | आयोजनाको नाम | अनुमानित बजेट | लागत साझेदारीमा |
|---|---|---|---|---|
| १८ | | जानुकाको घरदेखि किरणनालासम्म नाली सरसफाई कार्यक्रम | ५०,०००.०० | |
| १९ | | रझेना स्वास्थ्य चौकी सरसफाई कार्यक्रम | १०,०००.०० | |
| २० | | जनचेतना आ.वि. गोहवा सगरमाथा मा.वि. र हिमालय मदरसा गरिब नवाज प्रा.वि. सरसफाई कार्यक्रम | ५०,०००.०० | |
| २१ | | अंकित मेडिकलको बाटो, कच्ची नाली सरसफाई कार्यक्रम | ५०,०००.०० | |
| २२ | ५ | सिद्धार्थनगर सडक अधुरो पक्कि नाली निर्माण | ३००,०००.०० | ५००,०००.०० |
| २३ | | ५ नं वडा परिसर झादिबुट्यान सफाई तथा वृक्षारोपण | ३००,०००.०० | |
| २४ | | ५ वडाका विभिन्न टोल बस्तीका बाटाका नाली खन्ने र सफाई गर्ने कार्य | ३००,०००.०० | |
| २५ | | आधारभुत स्वास्थ्य सेवा केन्द्रमा ट्रस्ट निर्माण | १००,०००.०० | १००,०००.०० |
| २६ | | पृथ्वीनगर रमा शाहको घरदेखि लोक प्रसाद भट्टराईको घरसम्म सडक पक्कि नाली निर्माण | ३००,०००.०० | ५००,०००.०० |
| २७ | | प्रगतिनगर लम्साल मन्दिर जाने बाटो पक्कि नाली निर्माण | ३००,०००.०० | ५००,०००.०० |
| २८ | | शान्तिनगर मेडिकल कलेज पछाडी पश्चिम छबिलाल भट्टराईको घरसम्म सडक पक्कि नाली निर्माण | ३००,०००.०० | ५००,०००.०० |
| २९ | | रझेना आजाद चोक देखि रामफेरन थारुको घरसम्म सडकमा पक्कि नाली निर्माण | ३००,०००.०० | ५००,०००.०० |
| ३० | ६ | रामप्रसाद थारुको घरदेखि सुतैया नाला पुलसम्म दुवै तर्फको नाला सरसफाई गर्ने | | |
| ३१ | | सन्दिप खनालको घरदेखि पश्चिम प्रदेशी थारुको घरसम्म दुवै तर्फको नाला सरसफाई | | |
| ३२ | | हुर्मत खत्रीको घरदेखि दक्षिण बुद्ध चोकसम्म दुवै तर्फ नाला सरसफाई | | |
| ३३ | | दिलिप थारुको घरदेखि पश्चिम पुरानो वडा कार्यालयसम्म दुवै तर्फ नाला सरसफाई | | |

धौलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश
स्थापना : २०७२

नगर कार्यपालिकाको
बैठक संख्या: ४५, २०७९-२०८४
मिति २०८१/०४/२० को
निर्णय प्रमाणित ................

| क्र. सं. | वडा नं. | आयोजनाको नाम | अनुमानित बजेट | लागत साझेदारीमा |
|---|---|---|---|---|
| ३४ | ७ | लखना चोक देखि वडा कार्यालय सम्म नाली सफाई | ३००,०००.०० | |
| ३५ | | शान्तीटोल देखि डल्फिन चोक सम्म नाली सफाई | २००,०००.०० | |
| ३६ | | रजगढवा गाउँ देखि गाइगौढि सम्म नाली निर्माण सफाई | १५०,०००.०० | |
| ३७ | | खलकुद मैदान निर्माण | २००,०००.०० | |
| ३८ | ८ | वडा भित्र स-साना बाटो मर्मत | ३००,०००.०० | |
| ३९ | | सार्बजनिक कार्यालय तथा मन्दिर पूर्वाधार निर्माण | ३००,०००.०० | |
| ४० | | वडा भित्र सार्बजनिक ठाउमा वृक्षारोपण | ३००,०००.०० | |
| ४१ | | शिक्षक तथा लोक सेवा आयोग तयारी कक्षा | २००,०००.०० | |
| ४२ | ९ | डाडागाउँटोलको नाली सरसफाई तथा मर्मत | | |
| ४३ | | झण्डुवा ठाउ गाउँ जगन्नाथ देखि मन्दिर पश्चिम पुरुवा बाटोमा माटो पठान तथा नाली निर्माण | | |
| ४४ | १० | कोहलपुर वडा नं १० को बिभिन्न बस्तीमा पक्कि तथा कच्ची नाली सरसफाई | १२०,०००.०० | |
| ४५ | | हाई स्कुल दक्षिण कस्मिर ग्रिल उद्योगको बिचबाट गाइफर्म सम्म पक्कि नाली निर्माण (त्रि.मा.बि.नजिकै) | १३०,०००.०० | |
| ४६ | | हाई स्कुल दक्षिण कस्मिर ग्रिल उद्योगको बिचबाट गाइफर्म सम्म पक्कि नाली निर्माण (१ नं. प्रहरी बिट नजिकै) | १९०,०००.०० | |
| ४७ | | कोहलपुर वडा नं १० को बिभिन्न बस्तीमा खानेपानी पाइपलाईन बिस्तार | १५०,०००.०० | |
| ४८ | ११ | एकतानगर टोलमा नाली सरसफाई गर्ने | १५०,०००.०० | |
| ४९ | | क्याम्पस टोलमा नाली सरसफाई गर्ने | १५०,०००.०० | |
| ५० | | थारु गाँउ टोलमा नाली सरसफाई | १५०,०००.०० | |
| ५१ | | पेन्सन क्याम्प वरिपरी नाली सरसफाई गर्ने | १५०,०००.०० | |
| ५२ | १२ | प्रहरी बिट देखि निबुवा सम्म दुवै तर्फ नाली सफाई | ५००,०००.०० | |

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ४५, २०७९-२०८४
मिति २०८१/०४/२० को
निर्णय प्रमाणित ..............

| क्र. सं. | वडा नं. | आयोजनाको नाम | अनुमानित बजेट | लागत साझेदारीमा |
|---|---|---|---|---|
| ५३ | | स्वामी दयालको घरदेखि थारु गाँउ सम्म र थारु गाँउ देखि स्कुल चोक सम्म नाली सफाई | ३००,०००.०० | |
| ५४ | | स्वामी दयालको घरदेखि रामजानकी मन्दिर सम्म दुवै तर्फ नाली सफाई | ३००,०००.०० | |
| ५५ | | प्रहरी बिट देखि निबुवा र चप्परगौडी बजार क्षेत्र भएका विरुवाको गोडमेल र बाटो सफाई | २००,०००.०० | |
| ५६ | | बजार क्षेत्र डुडुवा पुल देखि दयालको घर सम्म दुवै पट्टि नाली सफाई | ४००,०००.०० | |
| ५७ | | रोहिणी खोला प्रगतिनगरको दुवै टोलमा नाली सफाई | ३००,०००.०० | |
| ५८ | १३ | खड्कवार रिम बा. खत्री र खेम बहादुर खत्रीको घर नजिक ग्राभेल | | |
| ५९ | | खड्कवार र भरैयामा ह्युम्पाईप राख्ने | | |
| ६० | | बाल शिक्षा मा.वि. जाने बाटोमा सडक मर्मत | | |
| ६१ | | भरैया जोधी थारुको गर नजिक ग्राभेल राख्ने | | |
| ६२ | | सिम्रिको झोलुङ्गे पुल जाने बाटोमा खाल्डा खुल्डी पुर्ने | | |
| ६३ | | सिम्रिको तल्लो पक्कि पुलको छेउमा दिवाल बनाउने | | |
| ६४ | | सिमरी भण्डारीको घर चोक देखि प्रेम शाहीको घर चोक सम्म दुबैतिर नाली सफाई | १२०,०००.०० | |
| ६५ | | खड्कवार बेतेनी देखि बिचको मुलबाटो हुँदै ने.रा.मा.वि. सम्म दुबैतिर नाली सफाई | १५०,०००.०० | |
| ६६ | | खड्कवार ने.रा.मा.वि. चोक हुँदै पिपल टाकुरा हुँदै आर्मी ब्यारेक सम्म नाली सफाई | १००,०००.०० | |
| ६७ | | भरैयाका विभिन्न सडकको नाली सरसफाई | १९०,०००.०० | |
| ६८ | | भरैयामा बाटो मर्मत | २००,०००.०० | |
| ६९ | | सिम्रमा बाटो मर्मत | २००,०००.०० | |
| ७० | | खड्कवारमा बाटो मर्मत | २००,०००.०० | |
| ७१ | १४ | हवाल्दापुर चोकदेखि खानेपानी हुँदै तमोलिपुर जाने बाटो र प्रेमपुर हुँदै बागेश्वरी गा.प को | २००,०००.०० | |

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ४५, २०७९-२०८४
मिति २०८१/०४/२० को
निर्णय प्रमाणित ................

| क्र. सं. | वडा नं. | आयोजनाको नाम | अनुमानित बजेट | लागत साझेदारीमा |
|---|---|---|---|---|
| | | सिमानासम्म- सडक किनारा तथा खल्डोखुल्डी मातोपटान | | |
| ७२ | | बैजनाथपुर गाउँको सामुदायिक वनसँग जोडिएको बाटो र गाउँ भित्रको बाटोमा- खाल्टाखुल्टिमा माटो पटान | १००,०००.०० | |
| ७३ | | नाली खनि खानेपानीको पईपलाईन बिस्तार | ५००,०००.०० | |
| ७४ | | बिद्यालय क्षेत्रमा सरसफाई तथा खानेपानी ब्यबस्थापन | ३००,०००.०० | |
| ७५ | | वडाका विभिन्न अन्य बाटो तथा नाली निर्माण | २००,०००.०० | |
| ७६ | | श्री राम मा.वि.को पार्किङ्ग निर्माण | | ६००,०००.०० |
| ७७ | | श्री राम मा.वि.पार्क भित्र फुल तथा अन्य जातका विरुवा रोप्ने र माटो पटान गर्ने | | ४००,०००.०० |
| ७८ | १५ | वडा नं.१५ को विभिन्न टोल बस्तिहरुको बाटोहरुको दायाँ बायाँ नाली सफाई तथा मर्मत सम्भार गर्ने | ३००,०००.०० | |

५. कोहलपुर नगरपालिकाबाट सञ्चालन हुने विभिन्न योजना तथा कार्यक्रमहरु लगायत नगर कार्यपालिकाको कार्यालयबाट जारी हुने विभिन्न विज्ञापन तथा सूचनाहरु पत्रपत्रिका मार्फत प्रकाशनका लागि विगतदेखि ठेक्का हुँदै आएकोमा गत वर्ष ठेक्का पाएको सेवा प्रदायक संस्थाले चालु आ.ब. मा कार्य गर्न नसक्ने जानकारी गराएकाले चालु आ.ब. का लागि मिति २०८१ साउन १६ गते प्रकाशित सूचना अनुमोदन गर्ने ।

६. यस नगरपालिकाभित्र अत्याधिक वर्षाका कारण आउनसक्ने बाढी एवं मनसुनजन्य विपदमा नाला एवं पानी निकास लगायत कार्यका लागि ब्याक हो लोडर भाडामा लिनका लागि २०८१ असार २१ मा पहिलोपटक र मिति २०८१ असार २८ मा दोश्रो पटक सूचना प्रकाशन गर्दा समेत कुनै सेवा प्रदायकले आवेदन पेश गरेको नदेखिएकोले देहाय बमोजिम गर्ने ।

क. सूचना बमोजिम हाललाई छ महिनाका लागि जय भवानी निर्माण सेवासँग सम्झौता गरी कार्यदिश दिने । विपदको अवस्था र प्रकृति हेरी ६ महिनासम्म अवधि थप गर्न सकिनेछ ।

ख. विपदजन्य कार्यका लागि व्याक हो लोडर परिचालन गर्ने कार्यमा सहजीकरणका लागि नगरप्रहरी प्रमुख श्री बीर बहादुर थापालाई जिम्मा दिने ।

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ४५, २०७९-२०८४
मिति २०८१/०४/२० को
निर्णय प्रमाणित ...............

ग. सेवा प्रदायकले आफुले प्रयोग गरेको समयका आधारमा सवारी लगबुक नगरप्रहरी प्रमुखबाट प्रमाणित गराई मासिक रुपमा नियमानुसारको बील पेश गरी भुक्तानी दावी गर्न पाउनेछ । भुक्तानी दावी गर्दा जिल्ला दररेटभन्दा बढी हुने गरी दावी गर्न पाइनेछैन ।

घ. सेवा प्रदायकले सम्झौता गर्न आउँदाका बखत रु ५० हजार बराबरको नगद धरौटी वा कम्तिमा १२ महिना अवधिको बैंक जमानत पेश गर्नुपर्नेछ । निजसँगको सम्झौताको अवधि थप भएमा सो धरौटी वा बैंक जमानतलाई नै कायम गरिनेछ र सम्झौता समाप्त भएमा धरौटी फिर्ता वा बैंक जमानत फुकुवा दिइनेछ ।

७. यस नगरपालिकामा रहेको नगर अस्पतालको लागि मेडिकल अधिकृत(अधिकृतस्तर आठौं) करारमा पदपूर्तिका लागि पटक पटक सूचना प्रकाशन गर्दा समेत दरखास्त पर्न नआएकोले नगर अस्पतालका लागि ३(तीन) दिनको समय अवधी राखी सूचना प्रकाशन गर्ने । र नगर स्वास्थ्य प्रबर्धन केन्द्रमा कार्यरत मेडिकल अधिकृतले राजीनामा दिई हाल उक्त पद समेत रिक्त रहेकाले नगर स्वास्थ्य प्रबर्धन केन्द्रका लागि ७(सात) दिनको समय अवधी राखी मेडिकल अधिकृत(अधिकृतस्तर आठौं) करारमा पदपूर्तिका लागि सूचना प्रकाशन गर्ने ।

८. गत आ.ब. २०८०/०८१ मा नगर सभा एवं कार्यपालिकाको निर्णयानुसार घर नक्सा अभिलेखिकरणका लागि सूचना आव्हान भई घरनक्सा अभिलेखिकरणका लागि निवेदन दर्ता भएका तर प्रक्रिया पुरा हुन बाँकी रहेका घरनक्साको सम्बन्धमा गत आ.ब. मा अभिलेखिकरण राजस्वमा २५% छुट रहेको तर यस वर्ष राजस्व छुट सम्बन्धी व्यवस्था नरहेकाले चालु आ.ब. को आर्थिक ऐन बमोजिम घरनक्सा अभिलेखिकरणको राजस्व कर संकलन गर्ने ।

९. यस नगरपालिका अन्तर्गतका सबै शाखा/उपशाखा एवं वडा कार्यालयहरुबाट मिति २०८१ श्रावण २ गते आ.ब. २०८०/०८१ को वार्षिक प्रगति विवरण पेश भई छलफल भयो । उक्त कार्यक्रममा पेश भएको आ.ब. २०८०/०८१ को प्रगति समिक्षा प्रतिवेदन अनुमोदन गर्ने ।

१०. यस नगरपालिकाको गत आ.ब. २०८०/०८१ को वार्षिक आय व्यय विवरण अनुमोदन गर्ने ।

११. कोहलपुर नगर कार्यपालिकाको तर्फबाट आर्थिक वर्ष २०८०/०८१ मा संचालित सबै योजना तथा कार्यक्रमहरुको भुक्तानी, जाँचपास तथा फरफारक गरियो ।

१२. यस नगरपालिका अन्तर्गत बिगतदेखी करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मूल्याङ्कन तथा नया अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८ बमोजिम कार्य

धौलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश
स्थापना : २०७३

नगर कार्यपालिकाको
बैठक संख्या: ४५, २०७९-२०८४
मिति २०८१/०४/२० को
निर्णय प्रमाणित ...............

सम्पादन मूल्याङ्कन भई तोकिएको मापदण्ड अनुसार अंक प्राप्त हुने कर्मचारीहरुको २०८१ पुष मसान्त सम्म करार अवधी थप गर्ने एवं ज्यालादारीमा कार्यरत कर्मचारीहरुको हकमा निज कार्यरत सम्बन्धित शाखा तथा वडा कार्यालयको सिफारिसका आधारमा २०८१ पुष मसान्तसम्म दैनिक ज्यालादारीमा सम्झौता गरी कामकाजमा खटाउने।

१३. यस नगरपालिका अन्तर्गत रहेका देहाय बमोजिमका समितिहरुको निर्णयहरु अनुमोदन गर्ने ।
क) बसपार्क व्यवस्थापन समितिको मिति २०८१/०३/०८ को निर्णयहरु
ख) वातावरण संरक्षण तथा विपद व्यवस्थापन समितिको मिति २०८१/०३/१६ गतेको निर्णयहरु
ग) भूमि सम्बन्धी अधिकार सम्पन्न समितिको मिति २०८१/०३/२६ को निर्णयहरु ।
घ) सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन समितिको मिति २०८१/०४/२० गतेको निर्णयहरु अनुमोदन गरी समिति मार्फत पेश भएको स्पेशिफिकेशन, संख्या एवं मापदण्ड स्वीकृत गरी खरिद कारवाही अघि बढाउने ।

१४. यस नगरपालिका अन्तर्गत वन्यजन्तु प्रभावित वडाहरुमा बसोवास गर्ने मानिसहरुको जिविकोपार्जनका लागि कोहलपुर नगरपालिकाको वन्यजन्तु प्रभावित समुदायका लागि जीविकोपार्जन सुधार घुम्तीकोष परिचालन कार्यविधी, २०८१ मा प्राप्त राय सुझाव समेटी स्वीकृत गर्ने ।

१५. कोहलपुर नगरपालिकाको सहकारी संस्था अनुगमन, मूल्याङ्कन तथा नियमन गर्ने सम्बन्धी कार्यबिधि, २०८१ बैठकमा टेबुल भयो । उक्त कार्यबिधिमा प्राप्त राय सुझाव समेटी स्वीकृत गर्ने ।

१६. यस कोहलपुर नगरपालिकाको वडा नं ११ मा साना शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत सञ्चालन भईरहेको खानेपानी तथा सरसफाई आयोजनाको स्तरोन्नतीको लागि कुल अनुमानित लागतमा बोलपत्रदाताले पेश गरेको ठेक्का कबोल अंक (खानेपानी आपूर्ति तर्फ) को २५ प्रतिशतसम्म कोषले लगानी गर्न सकिने प्रावधान बमोजिम आयोजना व्यवस्थापन कार्यालय, शहरी खानेपानी तथा सरसफाई (क्षेत्रगत/ आयोजनाबाट प्राप्त हुने अनुदान रकम ७०% को सुनिश्चितता भईसकेको र उपभोक्ता संस्थाबाट नगर विकास कोषसँग माग भए बमोजिमको २५% रकम रू. ८९,७४,०००।- (अक्षरेपी उनानब्बे लाख चौहत्तर हजार मात्र) वार्षिक ५% व्याजदरमा ऋण लिनुपर्ने भएकाले सो ऋणको धन जमानीमा बसिदिनको लागि उपभोक्ता संस्थाबाट अनुरोध भई आएकोले नगर विकास कोष र उपभोक्ता संस्थाबीच हुने ऋण संझौतामा धन जमानी बस्ने निर्णय गरियो साथै उक्त ऋण संझौताको धन जमानीमा नगरकार्यपालिकाको तर्फबाट हस्ताक्षर गर्न यस नगरपालिकाका नगर कार्यपालिका प्रमूख श्री पुर्ण प्रसाद आचार्यलाई अख्तियारी दिने निर्णय गरियो।

धीलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ४५, २०७९-२०८४
मिति २०८१/०४/२० को
निर्णय प्रमाणित ............

१७. यस नगरपालिका अन्तर्गत कार्यरत सब ईन्जिनियर श्री सृजना कुंवर के.सी. (क.सं.नं. २४०६३५) ले निजामती सेवा ऐन, २०४९ को दफा ४९(क)२ बमोजिम कार्यालयको कामकाजमा बाधा नपर्ने गरी बिहान बेलुकाको समयमा अध्यापन गर्नका लागि प्रशिक्षण अनुमति पाउँ भनी निवेदन पेश गरेकोमा निजलाई कार्यालय समय बाहेक अन्य समयमा कार्यालयको कामकाजमा बाधा नपर्ने गरी अध्यापन अनुमतिका लागी स्वीकृति प्रदान गर्ने ।

१८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८१/०३/०५ गतेको पत्रानुसार उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (HICDPs) अन्तर्गत स्थानीय तहले आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धमा भएको पत्राचार बमोजिम राम मावि कोहलपुर १४ को विद्यालय भवन, छात्रावस र पुस्तकालयका लागि निर्माण भएको विस्तृत परियोजना प्रतिवेदन (DPR) सहितको प्रस्ताव पेश गर्ने र सो को लागत सहभागिता बापत हुन आउने १० प्रतिशत रकम कोहलपुर नगरपालिकाको समपुरक कोषबाट व्यहोर्ने गरी साझेदारी प्रतिबद्धता सहितको पत्राचार गर्ने ।

१९. कोहलपुर नगरपालिका अन्तर्गत वडा नं ६, १२ र १३ को प्रहरी चौकीका लागि साबिकमा लिइएको घरभाडा र प्रप्रअ को आवासका लागि लिइएका घरहरुको सम्झौताको शर्त बमोजिम भाडावृद्धि गर्नुपर्ने भए गरी चालु आ.व. २०८१/०८२ का लागि थप गर्ने । कुनै कारणवश अवधि नपुगी सम्झौता भङ्ग गरी नयाँ प्रकृया अवलम्बन गर्नुपरेमा कार्यपालिकाले निर्णय गर्न सक्ने ।

२०. यस नगरपालिकाभित्र सुरक्षा गस्ती एवं ट्राफिक व्यवस्थापनमा खटिनुपर्ने भएकाले ईलाका प्रहरी कार्यालय, कोहलपुरलाई साबिकमा दिइदै आएको इन्धनलाई निरन्तरता दिने र सोको भुक्तानी विभिन्न (सरकारी तथा गैह्र सरकारी) निकायहरुसँग समन्वय र सहकार्य शीर्षकबाट गराउने ।

२१. कोहलपुर वृहत शहरी खानेपानी उपभोक्ता संस्थाको मिति २०८१/०४/१३ गतेको पत्रानुसार कोहलपुर नगरपालिका वडा नं १, २, ५ र ६ मा प्रस्तावित गरिएको कोहलपुर वृहत शहरी खानेपनी सरसफाई आयोजनाको लागि कोहलपुर वृहत शहरी खानेपानी उपभोक्ता संस्थालाई आवश्यक ओभरहेड टयाङ्की, टयुबवेल, पम्प हाउस, पानी प्रशोधन केन्द्र लगायत अन्य संरचना निर्माण गर्न यस नगरपालिकाको विभिन्न वडामा पर्ने सार्वजनिक जग्गामा संरचना निर्माणका लागि अनुमती माग भई आएकोले सार्वजनिक वा सामुदायिक सम्पत्तिमा हानी नोक्सानी नपुर्याउने गरी जग्गाको स्वामित्व भएको निकायहरुसँग समन्वय गर्ने गरी देहाय बमोजिमको प्रयोजनका लागि अनुमतिका दिन सिफारिश गर्ने ।

धौलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ४५, २०७९-२०८४
मिति २०८१/०४/२० को
निर्णय प्रमाणित ................

| सि नं | स्थान | प्रयोजन | कैफियत |
|---|---|---|---|
| १ | नेपाल आर्मी ब्यारेक कोहलपुर २ कौशिलानगर | ओभरहेड ट्याङ्की -९०० घनमिटर, गार्ड हाउस, ट्युबवेल-३, पम्पहाउस-१, ट्रिटमेन्ट प्लान-१, जेनरेटर हाउस-१ | |
| २ | सितलछायाँ सामुदायिक वन, कोहलपुर ८ | ओभरहेड ट्याङ्की -४५० घनमिटर, ट्युबवेल-३, जेनरेटर हाउस-१, पम्प हाउस-१ | |

२२. कोहलपुर नगरपालिका र अष्ट्रेलियाको मेरिबिकी काउन्सिलसँग भगिनी सम्बन्ध कायम गराउने प्रयोजनका लागि कोहलपुर नगरपालिकाको वस्तुस्थिति झल्किने गरी भिडियो डकुमेन्ट्री तयार गर्नुपर्ने भएकोले आर केसी डिजिटल प्रालि कोहलपुरले पेश गरेको प्रस्तावना स्वीकृत गरी प्रकृया अघि बढाउन निर्देशन दिने । सो कार्यका लागि रु १ लाख ७० हजारमा नबढ्ने गरी सेवा तथा परामर्श खर्च शीर्षकबाट भुक्तानी गर्न निर्देशन दिने ।

धौलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत